मिति २०७५/०९/१८ गते बसेको सचिव बैठकका निर्णयहरु:

| क्र. सं. | निर्णयहरु | जिम्मेवार निकाय / पदाधिकारी | सहयोगी निकाय | अनुगमन गर्ने निकाय / पदाधिकारी | समय सीमा |
|---|---|---|---|---|---|
| १. | कर्मचारी समायोजनका सम्बन्धमा मिलान गर्नुपर्ने विषयमा सबै सचिवहरुले संघीय मामिला तथा सामान्य प्रशासन सचिवसँग छलफल गरी आएका समस्याहरुलाई टुङ्ग्याउने। | संघीय मामिला तथा सा. प्र. मन्त्रालय | सबै मन्त्रालय/ आयोग/कार्यालय/केन्द्र | प्र.म. तथा मं.प. को कार्यालय | माघ मसान्त |
| २. | आ-आफ्नो मन्त्रालय/विभाग/कार्यालयहरुमा काम गर्दा निजामती सेवा ऐन, नियमहरुले निर्धारण गरेका आचरण अनुसार भए/नभएको विषयमा अनुगमन गर्ने । | सबै मन्त्रालय/ आयोग/कार्यालय/केन्द्र | | प्र.म. तथा मं.प. को कार्यालय | निरन्तर |
| ३. | निजामती कर्मचारी एवम् अन्य सेवाका कर्मचारीहरुको संघ, प्रदेश र स्थानीय तहमा हुन गइरहेको कर्मचारी समायोजन कार्यमा सहयोग गर्ने । | सबै मन्त्रालय / आयोग/ कार्यालय/केन्द्र | | प्र.म. तथा मं.प. को कार्यालय | निरन्तर |
| ४. | सिंहदरवार परिसरलाई सुन्दर र अनुकरणीय बनाउन देहाय बमोजिम गर्ने: | | | | |
| क. | साविकको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अघिको परिसरको दक्षिण तर्फको बगैचालाई ऐतिहासिक एवम् पुरातात्विक महत्व झल्कने गरी विद्युतीकरण सहित व्यवस्थित गर्ने। | सहरी विकास मन्त्रालय | अर्थ मन्त्रालय | प्र.म. तथा मं.प. को का., मन्त्रिपरिषद, संबैधानिक निकाय तथा प्रशासन | ०७६ असार सम्म |
| ख. | सिंहदरवार भित्रको सबै परिसरको बगैचामा सिंचाइ गर्न एकिकृत आधुनिक प्रविधियूक्त सिंचाइ प्रणालीको प्रबन्ध गर्ने । | उर्जा, जलश्रोत तथा सिंचाइ विकास मन्त्रालय | अर्थ मन्त्रालय | " " | ०७६ असार सम्म |
| ग. | सिंहदरवारको गुरु योजना अनुसारका कामहरु तुरुन्त अगाडी बढाउनका साथै परिसरको चारै दिशामा अवस्थित पर्खालको बाहिरपट्टी राष्ट्रिय महत्वको अवसरमा बत्ति बाल्न विद्युतीय व्यवस्था मिलाउने र पर्खाल रंगरोगन गर्ने । | सहरी विकास मन्त्रालय | अर्थ मन्त्रालय | " " | ०७६ असार सम्म |
| घ. | सिंहदरवार परिसरभित्र पर्ने गेटहरु ऐतिहासिक एवम् पुरातात्विक महत्व दर्शने गरी पुनर्निर्माण एवम् मर्मत गर्ने । | सहरी विकास मन्त्रालय | अर्थ मन्त्रालय | " " | ०७६ असार सम्म |
| ङ. | आ-आफ्ना निकायमा रहेका पुराना सवारी साधनहरु मर्मत गरी संचालनमा ल्याउने, मर्मत सम्भार गरी प्रयोगमा नआउने खालका सवारी साधनहरु शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्रालयसँगको समन्वयमा विद्यार्थीहरुको व्यवहारिक ज्ञानका लागि प्राविधिक शिक्षालयहरुलाई हस्तान्तरण गर्ने, हस्तान्तरण नहुने सवारी साधनको लिलाम गर्ने र पुन प्रयोगमा ल्याइएका सवारी साधनहरुको विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने । | सबै मन्त्रालय/आयोग/ कार्यालय/केन्द्र | | " " | माघ मसान्त |
| च. | सबै मन्त्रालयहरुले मर्मत गरी प्रयोगमा आउन सक्ने तर मन्त्रालयलाई आवश्यक नभएका सवारी साधनहरुको विवरण तयार गरी संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयमा पठाउने र प्रयोग गर्न मिल्ने सवारी साधनहरु आवश्यक प्रक्रिया पूरा गरी स्थानीय तहमा हस्तान्तरणको व्यवस्था मिलाउने । | संघीय मामिला तथा सा. प्र. मन्त्रालय | सबै मन्त्रालय/आयोग/ कार्यालय/केन्द्र | " " | माघ मसान्त |
| छ | आ-आफ्ना निकायहरुमा भऱ्याङ्ग मुनि, छत माथि तथा भवन परिसरमा रहेका पुराना फर्निचर लगायतका सौन्दर्य बिगार्ने सामाग्रीहरु तत्काल हटाई कार्यालय परिसर सफा राख्ने एवं पानीको फोहोराबाट नियमित सफा गर्ने र खाली ठाउँमा हरियाली प्रबर्द्धन हुने ब्यबस्था मिलाउने । | सबै मन्त्रालय | अर्थ, शहरी बिकाश, शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्रालय, महानगरपालिका | " " | निरन्तर |

मुख्य सचिव